# स्थानीय रोजगार रणनीतिक योजना

(आ.व. २०८२/८३ - आ.व. २०८६/८७)

**यमुनामाई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सरुअठा, रौतहट

मधेश प्रदेश, नेपाल


# स्थानीय रोजगार रणनीतिक योजना

**सर्वाधिकार © यमुनामाई गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा, रौतहट
मधेश प्रदेश, नेपाल
वेभसाईटः www.yamunamaimun.gov.np
इमेलः yamunamai5@gmail.com
फोनः ९८५५०४४६१६

**प्राविधिक सहयोग:** सारथी अनुसन्धान तथा विकास प्रा.लि.
गौर, रौतहट
मधेश प्रदेश, नेपाल
वेभसाईटः www.sarathirnd.com.np
इमेलः sarathi2076@gmail.com

## यमुनामाई गाउँपालिकाको नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५000/१:५0000), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

# विषय सूची

खण्ड - १ : रणनैतिक सन्दर्भ ........ ६

१. पृष्ठभूमि ........ ६

१.२ रणनीतिक योजनाको आवश्यकता ........ ९

१.३ रणनीतिक योजना तर्जुमा प्रकृया ........ १०

१.४ गाउँपालिकाको परिचय ........ १०

खण्ड -२ : वर्तमान अवस्थाको विश्लेषण ........ ११

२.१ रोजगारी सम्बन्धी कानूनी व्यवस्था ........ ११

२.२ रोजगारीको वर्तमान अवस्था ........ १२

२.३ रोजगारीका समस्या र चुनौतीहरु ........ १४

२.४ रोजगारीका अवसरहरु ........ १४

२.५ रोजगारीका क्षेत्रहरु ........ १५

२.६ रणनीतिक योजना तर्जुमाका कानूनी आधार ........ १६

२.७ रणनैतिक अवस्थाको विश्लेषण ........ १६

खण्ड - ३ : दुरदृष्टि, लक्ष्य र उद्देश्य ........ १७

३.१ दुरदृष्टि ........ १७

३.२ लक्ष्य ........ १८

३.३ उद्देश्यहरु ........ १८

खण्ड - ४ : प्रमुख रणनीतिहरु ........ १८

४.१ रणनीतिहरु ........ १८

खण्ड - ५ : रणनैतिक कार्यनीति ........ १९

५.१ कार्यनीति ........ १९

खण्ड - ६ : स्रोत परिचालन र बजेट व्यवस्थापन ........ २५

६.१ स्रोत परिचालन र बजेट व्यवस्थापन ........ २५

खण्ड - ७ : रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था ........ २६

७.१ रोजगार रणनीति कार्यान्वयन निर्देशक समिति ........ २६

७.२ अनुगमन तथा मूल्यांकन ........ २६

खण्ड - ८ : जोखिम व्यवस्थापन ........ २७

८.१ जोखिम पहिचान तथा व्यवस्थापन ........ २७

८.१.१ सम्भावित जोखिमहरु ........ २७

८.१.२ जोखिम व्यवस्थापनका लागि ध्यान दिनु पर्ने कुराहरु ........ २७

अनुसूची-१ ........ २८

अनुसूची-२ ........ ४०

अनुसूची-३ ........ ४२

अनुसूची-४ ........ ४३

अनुसूची-५ ........ ४४

अनुसूची-६ ........ ४६

अनुसूची-७ ........ ४७

सन्दर्भ सामग्री ........ ४८

# खण्ड - १ : रणनैतिक सन्दर्भ

## १. पृष्ठभूमि

नेपालको सङ्घीय संरचना तीन तहको रहेको छ। तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धी संवैधानिक अधिकार प्राप्त छ। सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरी माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सिर्जना गर्न जरुरी रहेको छ।

श्रम तथा रोजगारी अन्तरसम्बन्धित भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास, काम र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पार्ने गरेको देखिन्छ। देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सिर्जना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन्। नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठूलो अन्तर रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ। श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्याभन्दा कमै मात्रामा रोजगारी सिर्जना हुने गरेको अवस्था छ। परिणामस्वरुप अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन्। नेपालमा जातजातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरुलाई आकर्षण गर्न नसकेको अवस्था छ।

देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसकिदा दैनिक करिब २२०० ब्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। औसतमा ६० प्रतिशत भन्दा बढी घरधुरीबाट कोही न कोही ब्यक्ति वैदेशिक रोजगारीमा रहेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवश्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सीप, योग्यता र अनुभवको आधारमा सीपमूलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण हुने देखिन्छ।

देशभित्र रोजगारीको अवसर सीमित रहेकोले अझ केही समय युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम निरन्तर रहने सन्दर्भमा यसलाई थप सुरक्षित, व्यवस्थित र मर्यादित बनाउँदै आकर्षक सेवा सुविधा भएका नयाँ गन्तव्य मुलुकहरूको पहिचान गरी श्रम सम्झौता गर्नु आवश्यक छ। बाध्यात्मक रूपले वैदेशिक रोजगारमा जाने अवस्थाको अन्त्य गर्न वैदेशिक रोजगारीसँगै प्राप्त विप्रेषण आय, ज्ञान, सीप, अनुभव, कुशलता, कार्य संस्कृति, प्रविधि,

उद्यमशीलता र आत्मविश्वासलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै तीन तहकै सरकारको सहकार्यात्मक प्रयासबाट आन्तरिक रोजगारीका अवसर सिर्जना गर्नु आवश्यक छ।

रोजगारी बहुआयामिक तथा अन्तरसम्बन्धित विषय हो। रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुँदैन। यो विभिन्न क्षेत्रहरूमा सिर्जना हुने हो। रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट हुने पनि होईन। यसका लागि त सबै तह, क्षेत्र र कार्यक्रम बीच समन्वय र सहकार्य हुनु आवश्यक छ। गरिबी र रोजगारी अन्तरसम्बन्धित विषय रहेकोले गरिबी बढदा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा बेरोजगारी घट्छ र यसले गरिबी घटाउन मदत गर्छ। रोजगारीले गरिबी तथा बेरोजगारी दर बीचको संतुलन कायम गरेको हुन्छ। त्यसैले दिगो आर्थिक वृद्धि, गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधार नै उत्पादनशील रोजगारी रहेको छ। उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाई बढाउँछ र यसले बेरोजगारी तथा न्यून रोजगारलाई कम गर्दछ।

शिक्षा र रोजगारी बीचको अन्तरसम्बन्ध पनि एकदम महत्वपूर्ण हुन्छ। शिक्षाले नै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सीपयुक्त दक्ष, सक्षम, प्रतिस्पर्धि जनशक्ति उत्पादन गर्ने काम गर्छ। प्राविधिक र जीवनोपयोगी शिक्षामा पहुँचको कमीका कारण देशमा बेरोजगारी दर बढ्दो क्रममा रहेका छन्। रोजगारीसंग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सीप तथा क्षमताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसाङ्ख्यिक संरचनामा उत्पादनशील उमेर (१५-५९) समूहको जनसङ्ख्या ६७ प्रतिशत रहेको छ। वि.स. २१०८ सम्म यस्तो जनसाङ्ख्यिक लाभको अवस्था रहनेछ। देशको विद्यमान जनसाङ्ख्यिक लाभलाई अधिकतम उपयोग गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न श्रम बजारको आवश्यकतानुसारका नवीन् प्रविधिमैत्री, सीपयुक्त, कर्मशील, प्रतिस्पर्धी श्रमशक्तिको उत्पादन र परिचालन मार्फत स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न जरुरी रहेको छ। जनसाङ्ख्यिक लाभ लिने गरी आवश्यक मानव पुँजी निर्माण गर्नुपर्ने अवस्था छ। मानव पुँजी निर्माणमा सङ्घ, प्रदेश र स्थानीय तहको महत्त्वपूर्ण भूमिका रहन्छ। शिक्षाको उत्पादन र रोजगारीसँग सम्बन्ध स्थापित गर्न नसकिएकाले शैक्षिक बेरोजगारी बढदै गएको छ। यसका कारण ठूलो सङ्ख्यामा युवाहरू विदेशिएका छन् र यो क्रम बढ्दो छ।

विगत तीन दशक देखि आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून हुँदा अतिरिक्त श्रमशक्ति वैदेशिक रोजगारीमा जाने गरेको छ। आन्तरिक श्रम बजार विश्लेषणको कमी, श्रमिकको माग र आपूर्तिमा असन्तुलन, सीपयुक्त श्रम शक्तिको अपर्याप्तता, कामलाई सम्मान गर्ने संस्कृतिको कमी, आयातमूखी अर्थतन्त्र, कमजोर श्रम निरीक्षण तथा नियमनका कारण विदेशी श्रमिक आप्रवाह बढ्दै गएको र स्वदेशी श्रमिक विस्थापित हुँदै गएको अवस्था छ।

उद्यमशीलता र उत्पादन स्वरोजगारीको महत्वपूर्ण साधनको रुपमा रहेको छ । स्थानीय स्तर देखि नै उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशिलता प्रदान गर्न उद्यमशीलताको विकास अपरिहार्य रहेको छ । बढ्दै गरेको बेरोजगारी समस्यालाई सम्बोधन गर्न तथा बेरोजगारहरुलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई लक्षित गरी स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पूँजी र प्रविधिको उपलब्धतताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तीय पहुँच, व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्नु पर्छ । वैदेशिक रोजगारीबाट प्राप्त सीप, पूँजी, प्रविधिलाई उद्यमशीलताको विकास र प्रवर्द्धनमा परिचालन गरि गाउँपालिकाभित्र आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गरि गाउँपालिकाभित्रबाट बाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्दै जानु पर्दछ ।

गाउँपालिकाले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सिर्जना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरी रोजगारीको सम्भव्यता, सीप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमूलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जूमा गर्नु अपरिहार्य भएको छ । रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नवीनतम् उपाय एवम् विधिहरुको विकास गर्न सहयोग पुग्नेछ ।

स्थानीय तहमा रोजगारीका पर्याप्त अवसरहरुको सिर्जना गरी उपलब्ध जनशक्तिको महत्तम उपयोग गर्दै आर्थिक विकासमा दह्रिलो योगदान पुर्याउन, स्थानीय स्तरमा मानव पूँजीको निर्माण तथा बिद्यमान मानव पूँजीको सम्भावनाको पूर्ण उपयोगका साथ आगामी पाँच वर्ष गाउँपालिकाको नीति, योजना तथा कार्यक्रमहरुलाई यस रणनीतिसंग सामन्जस्यता कायम गरी रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न तथा आर्थिक उपलब्धि हासिल गर्नेतर्फ केन्द्रित गराउनका लागि यो रणनीतिक योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याउन लागिएको हो ।

नागरिकहरुलाई उत्पादन र प्रतिफलमूलक रोजगारीका अवसरहरू उपलब्ध गराउने, गाउँपालिकाको नीति निर्माण प्रक्रिया र पहलहरुमा रोजगारका उद्देश्यहरुको बलियो समायोजन र प्राथमिकीकरण गर्ने, स्थानीय सरकार, सामाजिक संघसंस्था, विकास साझेदारहरु तथा अन्य सरोकारवालाहरु बीच प्रभावकारी समन्वय र साझेदारी गर्ने, लगानीमैत्री सकारात्मक वातावरणको विकास गर्ने, सरोकारवालाहरुको क्षमता विकास तथा रोजगार सम्बन्धी सचेतना अभिवृद्धि मार्फत रोजगारसँग सम्बन्धित नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध श्रम शक्तिलाई प्रतिष्पर्धी बनाउदै सक्षम श्रमबजारको माध्यमद्वारा उत्पादनशिल, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई स्थानीय, प्रादेशिक र राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिवी निवारणमा योगदान पुर्याउने, बैदेशिक रोजगारीबाट प्राप्त हुने आयलाई रोजगारमुलक र आर्थिक समृद्धिको बाटोतर्फ पुनःर्निदेशित गर्ने र समाजमा रहेको आर्थिक एवं सामाजिक विभेदलाई अन्त्य गर्दै पालिकाका उर्जाशिल युवाहरुलाई परिचालन गराई उत्पादनशील रोजगारी अभिवृद्धि गर्ने लक्ष्यका साथ यो पाँच वर्षे रोजगार रणनीतिक योजना तयार गरिएको छ ।

## १.२ रणनीतिक योजनाको आवश्यकता

गाउँपालिकामा रहेको जनशक्तिको अवस्थाको विवरण वा जानकारी समेत व्यवस्थित नरहेको खण्डमा त्यस्ता सूचना तथा तथ्यांकहरुलाई व्यवस्थित गर्ने, दक्ष, उद्यमशील मानवीय श्रोतको योजनाबद्ध विकासका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमको तर्जुमा र बजेटको ब्यवस्थापन गरी कार्यान्वयनमा लैजाने, गाउँपालिका भित्रै रोजगारी सिर्जना गरि आत्मनिर्भर बनाउने, स्वदेशमा रोजगारीको अभाव रहेको अवस्थामा वैदेशिक रोजगारीमा जानेहरुका लागि दिईने सेवा सुविधाहरुलाई व्यवस्थित, सरल, सहज र पहुँचयोग्य बनाउन एकीकृत सेवा सञ्चालन पद्धतिको विकास गर्ने, वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरुलाई सामाजिक, आर्थिक तथा पारिवारिक रुपमा पुर्नस्थापना तथा पुनःएकीकरणका कार्यक्रमहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने, उनीहरुका सीप तथा अनुभवलाई स्थानीय आर्थिक विकासमा उपयोग गराउने र उनीहरुलाई पुनः विदेश फर्कनु भन्दा स्वदेशमा नै रोजगारी गर्न प्रेरित गर्ने, पूँजीको अभाव रहेको कारण उत्पादन र रोजगारीको क्षेत्रमा कार्य गर्नका लागि पूँजी निर्माणको लागि आवश्यक समन्वय र सहजीकरण गर्नका लागि पालिकास्तरमा संयन्त्रको निर्माण गर्ने आदि कार्यका लागि पालिकास्तरमा कुनै योजनाबद्ध राणनीतिक खाँका तयार नभएकोले ती आवश्यकता परिपूर्ति गर्नका लागि यो रोजगार रणनीतिक योजनाको आवश्यकता र अपरिहार्यता रहेको छ । यस रोजगार रणनीतिक योजनाको आवश्यकता निम्न अनुसार रहेको छ ।

- आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्ने,
- रोजगारीको क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम् उपाय एवम् विधिहरुको विकास गर्ने,
- श्रम बजारको माग एवम् उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गर्ने,
- रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई नयूनतम् रोजगारीको प्रत्याभूति गर्ने,
- श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्ने,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशिलताको विकास तथा प्रवर्द्धन गर्ने,
- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरणमा सहयोग र सहकार्य गर्ने,
- श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्ने,
- श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने,
- श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्ने ।

## १.३ रणनीतिक योजना तर्जुमा प्रकृया

रणनीतिक योजना तर्जुमाका लागि निम्न प्रकृयाहरुको अवलम्वन गरिएको थियो।

### क. रणनीतिक योजना तर्जुमा सम्बन्धी सुझाव सङ्कलन

यस यमुनामाई गाउँपालिका अन्तर्गतका सरोकारवालाहरुको सुझाव एवम् धारणा सङ्कलन गर्न आयोजित सुझाव संकलन कार्यशालामा स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन २०८० को अनुसूची ३ बमोजिम सुझाव एवम् धारणा सङ्कलन गरिएको थियो। सङ्कलित सुझाव एवम् धारणाहरुको विश्लेषण गरि रणनीतिक योजनामा समेटिएको छ।

### ख. सन्दर्भ सामग्रीहरुको अध्ययन र विश्लेषण

रणनीतिक योजना तर्जुमा गर्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, रोजगारीको हक सम्बन्धी ऐन, नियमावली, वैदेशिक रोजगार नीति, रोजगार नीति, संङ्घीय रोजगार रणनीति योजना, सङ्घीय आवधिक योजना, प्रदेश र स्थानीय सरकारका विभिन्न नीति, योजना, ऐन, नियम तथा कार्यविधि, स्थानीय तहको रोजगार रणनीति निर्माण सम्वन्धी मार्गदर्शन २०८०, स्थानीय तहको वार्षिक नीति तथा कार्यक्रम र अन्य अध्ययन प्रतिवेदनहरुको अध्ययन गरिएको थियो।

### ग. रणनीतिक योजनाको मस्यौदा तयारी

स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन २०८० को अनुसूची २ बमोजिमको संकलित विवरण, द्वितीय तथ्यांक एवम् विवरण र अध्ययन गरिएका सन्दर्भ सामग्रीका आधारमा स्थानीय रोजगार रणनीतिक योजनाको मस्यौदा तयार गरिएको छ।

### घ. रणनीतिक योजनाको मस्यौदा उपर छलफल

स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन २०८० को आधारमा तयार गरिएको रणनीतिक योजनाको मस्यौदा उपर गाउँ कार्यपालिकाको बैठकमा प्रस्तुत गरी कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझाव र पृष्ठपोषणहरुलाई मस्यौदामा समावेश गरि अन्तिम रुप दिईएको छ।

### ङ. रणनीतिक योजना गाउँपालिकामा पेश

अन्तिम रुप दिइएको रणनीतिक योजना स्वीकृतिका लागि गाउँपालिकामा पेश गरिएको हो।

## १.४ गाउँपालिकाको परिचय

मधेश प्रदेश अन्तर्गतका जिल्लाहरु मध्ये रौतहट जिल्ला एक हो। रौतहट जिल्लामा रहेका अठारह स्थानीय तहहरु मध्येको एक स्थानीय तह यमुनामाई गाउँपालिका हो। साविकको जेठरहिया, भेडियाही, राजपुर तुल्सी, सरुअठा र झुन्खुनवा (६-९) गाविसहरु मिलेर बनेको यो गाउँपालिका १६.७१ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। रौतहट जिल्लाको कुल क्षेत्रफलको १.६ प्रतिशत भूभागमात्र यस गाँपालिकाले ओगटेको छ। यस गाउँपालिकामा कुल ५ वडाहरु रहेका छन्। यमुनामाई मन्दिरको नामबाट नामाकरण भएको यस गाउँपालिकाको पूर्वमा दुर्गा भगवती गाउँपालिका, पश्चिममा राजपुर नगरपालिका र परोहा नगरपालिका, उत्तरमा माधव नारायन नगरपालिका र दक्षिणमा

राजपुर नगरपालिका र राजदेवी नगरपालिका जिल्ला रहेका छन् । क्षेत्रफलको हिसाबले रौतहट जिल्लाको सबैभन्दा ठूलो गाउँपालिकाकोको रुपमा रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा पुरुषको जनसंख्या १३८८७ (४८.९ प्रतिशत) र महिलाको जनसंख्या १४५२७ (५१.१ प्रतिशत) गरि कुल जनसंख्या २८४१४ रहेको छ । कुल ४७११ घरपरिवार रहेको यस गाउँपालिकाको जनघनत्व १७०१ प्रति वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकामा पुरुष साक्षरता दर ६१.५ प्रतिशत र महिला साक्षरता दर ४२.७ प्रतिशत रहेको यस गाउँपालिकाको कुल साक्षरता दर ५१.९ प्रतिशत रहेको छ । साक्षरता दर अनुसार यस गाउँपालिकामा स्नातकोत्तर तह वा सो भन्दा माथि अध्ययन गरेका ०.९ प्रतिशत, स्नातक तह अध्ययन गरेका २ प्रतिशत, प्रविणता प्रमाणपत्र उत्तिर्ण गरेका ७.८ प्रतिशत, दश जोड दुई गरेका १४.८ प्रतिशत, एस.एल.सी. गरेका ५.३ प्रतिशत, निम्न माध्यमिक गरेका २१.३ प्रतिशत, प्राथमिक तह गरेका ३८ प्रतिशत र पूर्व प्राथमिक तह गरेका ८ प्रतिशत रहेका छन् ।

यमुनामाई गाउँपालिकाको समग्र जनसंख्यालाई हेर्दा ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनसंख्या रहेको देखिदैन । गाउँपालिकामा अर्द्ध शहरी र शहरी जनसंख्या मात्र रहेको देखिन्छ । यस नगरपालिकामा अर्द्ध शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या २९.६० प्रतिशत र शहरी क्षेत्रमा बसोबास गर्ने जनसंख्या ७०.४० प्रतिशत रहेका छन् । पाँच वडा मध्ये वडा नं. १ र ५ अर्द्ध शहरी क्षेत्र र वडा नं. २, ३ र ४ शहरी क्षेत्र रहेको छ । कृषि क्षेत्रमा संलग्न जनसंख्या ४७.० प्रतिशत र गैर कृषि क्षेत्रमा संलग्न जनसंख्या ५३.० प्रतिशत रहेका छन् । उत्पादनशील उमेर समूह (१५-५९ वर्ष) को जनसंख्या ५२.४९ प्रतिशत अर्थात १४९१५ रहेका छन् ।

# खण्ड -२ : वर्तमान अवस्थाको विश्लेषण

## २.१ रोजगारी सम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा समेटिएको छ । रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भनिएको छ । संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम र रोजगार सम्बन्धी नीति समावेश गरिएको छ । जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गरेको छ ।

प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ।

मुलुकको जनशक्तिलाई अन्तराष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरि दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यका साथ वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन भई रहेको छ। नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवम् सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ। पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने सोंचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरि बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको छ।

सोह्रौ योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोंच राखेको छ। आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुसासन हासिल गर्नु सोह्रौं योजनाको मुख्य उद्देश्य रहेको छ। योजनाको सोंच बमोजिम क्षेत्रगत रुपमा रोजगारीमा सामाजिक न्याय स्थापित गर्नु उद्देश्य रहेको छ। सोह्रौं योजनाले अंगिकार गरेका संरचनात्मक रुपान्तरणका प्रमुख क्षेत्र अन्तर्गत उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा तथा स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण रहेका छन्।

## २.२ रोजगारीको वर्तमान अवस्था

नेपाल श्रमशक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ। यसै गरी शहरमा ११.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ। नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ। यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ। यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ।

रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत सुदुरपश्चिम प्रदेशमा रहेको छ। बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी मधेश प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत रहेको छ। प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी बाग्मती प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ। नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ। यसको अर्थ सबै प्रदेशहरुमा

रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिदैन । जसको परिणामस्वरुप श्रम बजारको माग र आपूर्ति बीचको सन्तुलन समेत नमिलेको देखिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये १४ वर्ष वा सो भन्दा कम उमेर समूहका जनसंख्या ११३५३ (३९.९५ प्रतिशत), १५ देखि ५९ वर्ष उमेर समूहका जनसंख्या १४९१५ (५२.४९ प्रतिशत) र ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका जनसंख्या २१४६ (७.५५ प्रतिशत) रहेका छन् । यमुनामाई गाउँपालिकामा १० वर्ष र सो भन्दा माथिका व्यक्तिहरुको कुल जनसंख्या २०५५८ मध्ये आर्थिक रुपमा सक्रिय जनसंख्या ११५५१ (५६.२ प्रतिशत) रहेको छ भने निस्क्रिय व्यक्तिको जनसंख्या ९००० (४३.८ प्रतिशत) रहेको छ । १० वर्ष र सो भन्दा माथिका उमेर समूहका आर्थिक रुपमा सक्रिय व्यक्तिहरु मध्ये प्राय सक्रिय रहेको रोजगारीमा ७६६४ (६६.३ प्रतिशत) र प्राय सक्रिय नरहेको रोजगारीमा ३८८७ (३३.७ प्रतिशत) रहेका छन । प्राय सक्रिय रहेको रोजगारी मध्ये कुल रोजगार ६५६० (८५.६ प्रतिशत) र कुल बेरोजगार ११०४ (१४.४ प्रतिशत) रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा स्थायी बसोबास भएका कुल जनसंख्या मध्ये विदेशमा बसोबास गर्ने पुरुषको संख्या १३५० र महिलाको संख्या ३२ गरी कुल १३८२ जना व्यक्तिहरु अनुपस्थित जनसंख्या रहेका छन् । जसमध्ये सबैभन्दा बढी ५६७ जना १५-२४ वर्ष उमेर समूहभित्रका रहेका छन् । त्यसपछि क्रमशः ४२१ जना २५-३४ वर्ष उमेर समूह र २५० जना ३५-४४ वर्ष उमेर समूहभित्रका रहेका छन् भने बाँकी अन्य उमेर समूहभित्रका रहेका छन् ।

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरुको आर्थिक क्रियाकलापको मुख्य क्षेत्रहरु मध्ये कृषि क्षेत्रमा ४७.० प्रतिशत, उत्पादनमा ९.१ प्रतिशत, व्यापार व्यवसाय क्षेत्रमा १६.७ प्रतिशत, निर्माण क्षेत्रमा १३.६ प्रतिशत, शिक्षा क्षेत्रमा १.७ प्रतिशत, स्वास्थ्य क्षेत्रमा १.२ प्रतिशत, सार्वजनिक प्रशासनमा ०.६ प्रतिशत, यातायात क्षेत्रमा १.१ प्रतिशत, वित्त क्षेत्रमा ०.४ प्रतिशत र बाँकी अन्य क्षेत्रहरु रहेका छन् । १० वर्ष र सो भन्दा माथि उमेर समूहभित्रका व्यक्तिहरु मध्ये ३ महिनाभन्दा कम अवधिको रोजगारीमा संलग्न जनसंख्या ९.० प्रतिशत, ३-६ महिनासम्मको रोजगारीमा संलग्न जनसंख्या १०.७ प्रतिशत, ६ महिनाभन्दा बढी अवधिको रोजगारीमा संलग्न जनसंख्या ३१.० प्रतिशत र कुनै पनि आर्थिक काममा वा रोजगारीमा संलग्न नभएको जनसंख्या ४९.४ प्रतिशत रहेका छन् ।

वि.सं. २१०० सम्म सबै नागरिकलाई मर्यादित र उत्पादनशील रोजगारीका अवसर उपलब्ध गराउने नेपाल सरकारको दीर्घकालीन सोंच रहेको छ भने तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि गर्ने दीर्घकालीन राष्ट्रिय रणनीति रहेको छ । सोह्रौं योजनाले आ.व. २०८५/८६ सम्ममा श्रमशक्ति सहभागिता दर ५० प्रतिशत र वि.सं. २१०० सम्ममा ७२ प्रतिशत पुर्याउने लक्ष्य राखेको छ । त्यस्तै आ.व. २०८५/८६ सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ५० प्रतिशत र विसं २१०० सम्ममा ७० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ । हाल नेपालको बेरोजगारी

दर ११.४ प्रतिशतलाई सोह्रौ योजनाको अन्त्य (आ.व. २०८५/८६) सम्ममा ५ प्रतिशत झार्ने र वि.सं. २१०० सम्ममा ३ प्रतिशतमा झार्ने दीर्घकालीन लक्ष्य रहेको छ ।

## २.३ रोजगारीका समस्या र चुनौतीहरु

स्थानीय स्तरमा देखिएका रोजगारीका सिर्जनाका समस्याहरु यस प्रकार रहेका छन् ।

- रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु,
- घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु,
- उद्यमशिलता एवम् स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु,
- सीप युक्त दक्ष जनशक्तिको कमी हुनु,
- सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु,
- काम प्रति सम्मानको कमी हुनु,
- श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु,
- उत्पादनशील रोजगारी पर्याप्त रुपमा सिर्जना हुन नसक्नु,
- श्रम बजार सूचना प्रणालीको अभाव हुनु,
- स्थानीय रोजगारदाताहरुको पहिचान एवम् सूचीकरण नहुनु,
- श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु ।

रोजगारी सिर्जना एवम् प्रवर्द्धनमा देखिएका मुख्य चुनौतीहरु यस प्रकार रहेका छन् ।

- रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन गर्नु,
- रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउनु,
- गाउँपालिकामा रहेका रोजगारीका अवसरहरुको पहिचान तथा नक्सांकन गर्नु,
- श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार गर्नु,
- रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्नु,
- श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु,
- स्थानीय पाठ्यक्रमलाई व्यवहारिक र रोजगारमलूक बनाई उद्यमशीलिता विकास गर्नु ।

## २.४ रोजगारीका अवसरहरु

यस गाउँपालिकामा रोजगारीका मुख्य अवसरहरु यस प्रकार रहेका छन् ।

- श्रम तथा रोजगारी सम्बन्धी हक नेपालको संविधानमा मौलिक हकको रुपमा स्थापित हुनु,
- श्रम तथा रोजगारमैत्री कानूनहरु निर्माण हुनु,
- रोजगार सेवा केन्द्रको स्थापना हुनु,
- श्रम तथा रोजगारी सम्बन्धी सेवाहरु स्थानीय तहसम्म विस्तार हुदै जानु,
- न्यूनतम रोजगारीको प्रत्याभूतिको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन हुनु,
- रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्नु,
- न्यूनतम् पारिश्रमिकको कानूनी व्यवस्था हुनु,
- युवाहरुमा उद्यमशील भावनाको विकास हुदै जानु,
- आर्थिक गतिविधिहरुमा बढोत्तरी हुनु,
- लगानीमैत्री वातावरणको अवस्था तयार हुदै जानु,
- प्राविधिक शिक्षामा सर्वसाधारणको पहुँच विस्तार हुदै जानु,
- जनसांख्यिक लाभको अवस्था अझै केहि वर्ष कायमै रहनु आदि ।

## २.५ रोजगारीका क्षेत्रहरु

यस गाउँपालिकाभित्र सिर्जना हुन सक्ने आन्तरिक रोजगारीका सम्भावित मुख्य क्षेत्रहरु देहाय अनुसार रहेको छ ।

१. कृषि क्षेत्र
२. निर्माण क्षेत्र
३. सेवा क्षेत्र (व्यापार व्यवसाय)
४. यातायात क्षेत्र
५. सूचना प्रविधि क्षेत्र
६. शिक्षा क्षेत्र
७. सार्वजनिक विकास निर्माण कार्य
८. स्वास्थ्य क्षेत्र
९. वित्तीय क्षेत्र
१०. लघु तथा साना उद्योग
११. वैदेशिक रोजगारी

## २.६ रणनीतिक योजना तर्जुमाका कानूनी आधार

नागरिकको पहिलो र अनुभूत गर्न सकिने नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले समुदाय तहदेखि नै समष्टिगत आर्थिक स्थायित्व कायम गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहलगानीलाई बृद्धि गर्दै स्थानीय जनशक्तिको विकास र परिचालनका साथ उपलब्ध ज्ञान, सीप, पूँजी तथा प्रविधि, पूर्वाधार लगायतका श्रोतहरुको प्रयोगबाट उत्पादन र उत्पादकत्वको प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै जानुपर्ने देखिन्छ । गुणस्तरीय मानव पूँजीको निर्माण, उद्यमशील कार्यसंस्कृतिको विकास गर्नुपर्ने आजको आवश्यकता हो भने अर्कोतर्फ विद्यमान श्रम, श्रोत र मानव पूँजीको प्रभावकारी र महत्तम उपयोगका साथ स्थानीय आर्थिक विकासको जगलाई मजबुत पार्दै लानुपर्ने जरुरी देखिन्छ ।

यो रणनीतिक योजना तर्जुमा गर्दा नेपालको संविधानमा उल्लेखित रोजगारी तथा श्रम सम्बन्धी मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति, रोजगारीको हक सम्बन्धी ऐन र नियमावली, राष्ट्रिय रोजगार नीति, वैदेशिक रोजगार नीति, सोह्रौ योजना, पाँच वर्षे रणनीतिक योजना, बागमती प्रदेशको रोजगार नीति, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, दिगो विकासका लक्ष्य, नेपाल सरकारले श्रम तथा रोजगारी सम्बन्धी गरेका अन्तराष्ट्रिय सम्झौता एवम् प्रतिबद्धता, बागमती प्रदेश सरकारको प्रथम आवधिक योजना, नीति तथा कार्यक्रम, यमुनामाई गाउँपालिकाको स्थानीय नीति, योजना तथा प्रतिबद्धताहरुलाई रणनीतिक योजना तर्जुमाको आधार रहेका छन् ।

## २.७ रणनैतिक अवस्थाको विश्लेषण

यस गाउँपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सिर्जनामा अहम् भूमिका निर्वाह गर्न सक्ने मुख्य सम्भावित क्षेत्रहरुमा कृषि क्षेत्र, निर्माण क्षेत्र, उत्पादन क्षेत्र, यातायात क्षेत्र, पर्यटन क्षेत्र, शिक्षा क्षेत्र, स्वास्थ्य क्षेत्र, सेवा क्षेत्र, वित्तीय क्षेत्र, उद्यमशीलता विकास हुन् । उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा वा के कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारी अवसरहरु अधिक रुपमा वृद्धि गर्न सकिन्छ । गाउँपालिकाले के केस्तो रणनीति अपनाउँनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ । सम्भावित रोजगारीका क्षेत्रहरुमा गरिएको लगानीलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेमा दीर्घकालमा त्यसले आन्तरिक रोजगारीमा के कस्तो योगदान गर्न सक्छ, त्यसको आंकलन गर्न जरुरी रहेको छ ।

नेपालमा बढदै गएको बेरोजगारी दरमा कमी ल्याउन स्थानीय स्तरमा कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखानाको माध्यमबाट थप रोजगारीका अवसरहरु सिर्जना गर्नु पर्दछ । अदक्ष तथा सीप नभएका बेरोजगार युवाहरुलाई सीपमूलक तालिमको माध्यमबाट दक्ष एवम् सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी औधोगिक उत्पादनमा वृद्धि गर्नुको साथसाथै लघु, घरेलु तथा साना उद्योगहरुको

माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत र साधनको अधिकतम् परिचालन तथा उपयोग गरी स्थानीय तहभित्रै स्वरोजगारी वा रोजगारीका थप अवसरहरु सिर्जना गर्नु आवश्यक रहेको छ ।

यस गाउँपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवश्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने ईलेक्ट्रिसीयन, प्लम्बर, पेन्टर, कारपेन्टर, मैसन, स्काफोल्डर, मार्बल फिटिङ्ग लगायत अन्य श्रमिक मजदुरहरु मध्ये अधिकांश अन्य पालिका वा जिल्लाका रहेका छन् । यी क्षेत्रमा स्थानीय श्रमिक मजदुरहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन् । यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त रहेकोले बजारको मागको आधारमा दक्ष, सीपयुक्त जनशक्ति तयार गरी स्थानीय श्रम बजारमा स्थानीय दक्ष जनशक्तिको आपूर्ति गरी अन्य जिल्ला वा पालिकाका श्रमिक मजदुरहरुलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ ।

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निजी, सहकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरि नाक्सांकन गर्न जरुरी छ । पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक कति संख्यामा आवश्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको अवस्था के छ । श्रमिकहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप वा दक्षताको अनुमान गरि माग र आपूर्ति बीच सन्तुलन कायम गर्नु पर्दछ ।

नेपालमा वेरोजगारीको दर उच्च रहेको छ भने श्रम बजारमा विरोधाभासपूर्ण स्थिति रहेको छ । पछिल्लो समय नेपाल जीवनस्तर सर्वेक्षण चौथोले नेपालमा वेरोजगारीको दर करीव १२ प्रतिशत देखाएको छ । यसमा पनि युवा बढी वेरोजगार रहेको पाइएको छ । एकातर्फ मानिसहरू कृषि पेशावाट पलायन भइरहेका छन् भने अपेक्षा गरे अनुरुप गैर कृषि क्षेत्र, खासगरी सेवा क्षेत्रमा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन । नेपालको श्रम बजारमा अहिले वेरोजगारी र श्रम अभाव जस्ता विरोधाभास पूर्ण स्थिति रहेको छ । कृषि, निर्माण र उत्पादनमूलक उद्योगमा श्रमिक अभाव रहेको छ र छिमेकी देशवाट आएर काम गरिरहेका छन् । अर्कोतर्फ अधिकांश नेपाली युवाहरू सरकारी एवम् सेवा क्षेत्रमा रोजगारी खोजिरहेको स्थिति छ । श्रम बजारमा विद्यमान रहेको यो विसंगति हटाउने हो भने केही युवाहरूले रोजगारी पाउने अवस्था बन्छ ।

# खण्ड - ३ : दुरदृष्टि, लक्ष्य र उद्देश्य

## ३.१ दुरदृष्टि

उत्पादनशील उमेर समूहका श्रमशक्तिहरुलाई दक्ष र सीपयुक्त जनशक्ति तयार गरी उत्पादनशील रोजगारीमा संलग्न गराई गरिबी तथा बेरोजगारी न्यूनीकरण गर्ने ।

## ३.२ लक्ष्य

दक्ष र सीपयुक्त जनशक्ति तयार गरी श्रम बजारको मागलाई आपूर्ति गर्ने ।

## ३.३ उद्देश्यहरु

(१) उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरुमा वृद्धि गर्नु,
(२) दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु,
(३) रोजगार सेवा केन्द्रलाई सुदृढ बनाई एकीकृत रोजगारमूलक सेवा प्रवाह गर्नु,
(४) सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु,
(५) वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउनु,
(६) आप्रवासीहरुको सामाजिक एवम् आर्थिक रुपमा पुनः एकीकरण गर्नु,
(७) रोजगारमैत्री लगानी प्रोत्साहन गर्नु ।

# खण्ड - ४ : प्रमुख रणनीतिहरु

## ४.१ रणनीतिहरु

४.१.१ आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवम् रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने ।

४.१.२ श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने ।

४.१.३ रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने ।

४.१.४ श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्दै उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने ।

४.१.५ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने ।

४.१.६ स्थानीय अर्थतन्त्रलाई गतिशील एवम् सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने ।

४.१.७ श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने ।

# खण्ड - ५ : रणनैतिक कार्यनीति

## ५.१ कार्यनीति

### ५.१.१ रणनीति ४.१.१ "आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवम् रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

५.१.१.१ गाउँपालिकाभित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एवम् रोजगार सम्बद्ध सेवा तथा सरोकारवालाहरुको नक्सांकन गरिनेछ।

५.१.१.२ गाउँपालिकाको विकास खर्चलाई रोजगारी सिर्जनासंग जोडिनेछ।

५.१.१.३ आन्तरिक रोजगार प्रवर्द्धन गर्नका लागि अन्तर तह र अन्तर निकाय समन्वय र सहकार्य गरिनेछ।

५.१.१.४ रोजगारीका थप अवसर सिर्जना गर्नका लागि गाउँपालिकाभित्र औधोगिक ग्राम स्थापनाका लागि सङ्घीय र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

५.१.१.५ गरिबी न्यूनीकरण र रोजगारी सिर्जना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक नीति निर्माण गरी अन्य तह, निकाय र सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरिनेछ।

५.१.१.६ कृषि, पर्यटन, लघु उद्योग, सूचना प्रविधि, निर्माण, हरित अर्थतन्त्र जस्ता क्षेत्रमा रोजगारीको सम्भाव्यता अध्ययन गरिनेछ।

५.१.१.७ आगामी ५ वर्षमा स्थानीय श्रम बजारमा खपत हुन सक्ने सीपयुक्त जनशक्ति तयार गर्न श्रम बजारको माग र आपूर्तिको विश्लेषण गरिनेछ।

### ५.१.२ रणनीति ४.१.२ "श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

५.१.२.१ विश्व श्रम बजारमा स्वचालन (Automation) र कृत्रिम बौद्धिकता (Artificial Intelligence-AI) को प्रयोग बढदै गएको सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सिर्जना हुने भएकोले विद्यालय तहदेखि नै प्राविधिक शिक्षा सञ्चालन गरिनेछ।

५.१.२.२ गन्तव्य मुलुकको श्रम बजारको मागका आधारमा सीपमूलक तालिम सञ्चालन गरि दक्ष जनशक्ति तयार गरि वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिनेछ।

५.१.२.३ स्थानीय आवश्यकता र प्राथमिकतालाई मध्यनजर गरी स्थानीय स्रोत साधन र श्रमशक्तिको भरपुर उपयोग गर्न सिंचाई सुविधा, कृषि विद्युतीकरण, कृषि सडक तथा उपयुक्त कृषि प्रविधिहरुमा पहुँच विस्तार गरी कृषिको व्यवसायीकरण र विविधिकरणमा जोड दिई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै उपलब्ध युवा श्रमशक्तिहरुलाई कृषिमा आधारित पेशा व्यवसायमा आकर्षित गर्न कृषि उत्पादन, संकलन, ग्रेडिङ्ग, भण्डारण, प्रशोधन र प्याकिङ्ग सम्बन्धी दक्ष जनशक्ति तयार गरिनेछ।

५.१.२.४ निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सिर्जना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैः ब्रिक मेसन, प्लम्बर, ईलेक्ट्रिसियन, पेन्टिङ्ग, स्काफोल्डर, टायल्स मार्बल फिटिङ्ग, वेल्डिङ्ग लगायत अन्य तालिमहरु सञ्चालन गरि निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आफूर्ति गरिनेछ।

५.१.२.५ स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरि पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, कुक, वेटर, होम स्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरि रोजगारी सिर्जना गरिनेछ।

५.१.२.६ गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरि विभिन्न निकाय एवम् क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवम् सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ।

५.१.२.७ रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सिर्जना हुने क्षेत्रहरुको पहिचान गरि नवीनतम् सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.२.८ रोजगार तथा स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, गैरसरकारी एवम् निजी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

५.१.२.९ स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पुँजी र प्रविधिको उपलब्धताको आधारमा विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यावसायिक तथा प्राविधिक तालिमहरू सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्न स्थानीय स्वरोजगार कोषको स्थापना गरिनेछ।

५.१.२.१० रोजगारमूलक तथा सीपमूलक तालिमहरु सञ्चालन गरि दक्ष जनशक्ति निर्माण गर्न स्थानीय सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ।

५.१.२.११ आन्तरिक श्रम बजारको सेवा क्षेत्रमा दक्ष जनशक्तिको मागलाई आपूर्ति गरी अप्रवासी कामदारहरुलाई प्रतिस्थापन गर्न स्थानीय श्रमशक्तिलाई दक्ष र क्षमतावान बनाई उपलब्ध रोजगारीका अवसरहरुमा पदस्थापन गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैः हेयर कटिङ्ग, मोटरसाईकल रिपेयरिङग, ग्यास चुल्हा एवम् प्रेशर कुकर रिपेयरिङ्ग, अटोमोबाईल्स रिपेरिङ्ग, ब्यूटिसीयन, मोबाईल तथा कम्प्युटर रिपेयरिङ्ग लगायत अन्य तालिमहरु सञ्चालन गरि सेवा क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा सहज आफूर्ति गरिनेछ।

५.१.२.१२ गाउँपालिकाभित्र रहेका सीपयुक्त जनशक्तिहरुको रोस्टर तयार गरिनेछ।

५.१.२.१३ स्थानीय, राष्ट्रिय तथा विश्व श्रम बजारमा खपत हुने सीपको पहिचान तथा वर्गीकरण गरिनेछ।

५.१.२.१४ छोटो अवधिका रोजगारउन्मुख सीप विकास तालिमहरु सञ्चालन गरिनेछ।

५.१.२.१५ श्रम बजारमा विद्यमान सीप विहिनता र सीपको बेमेलको अवस्थाको अन्त्य गरि रोजगारदाताको माग बमोजिमको जनशक्ति तयार गरिनेछ।

५.१.२.१६ उपलब्ध रोजगारीका अवसर बमोजिमको जनशक्ति तयार गर्न कार्यस्थलमा आधारित तालिम सञ्चालन गरिनेछ।

### ५.१.३ रणनीति ४.१.३ "रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाउँदै बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराई रोजगारीको हकलाई कार्यान्वयन गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

५.१.३.१ रोजगार सम्वाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सिर्जना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल र सहभागितामा आवश्यक रोजगारयोग्य (Employability) कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवम् निजी क्षेत्रसंग समन्वय गरिनेछ।

५.१.३.२ स्थानीय तहभित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरि रुपान्तरण गरिदै लगिनेछ।

५.१.३.३ गाउँपालिकाको विकास निर्माण आयोजनाहरुमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ।

५.१.३.४ रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवम् सुदृढीकरण गरिनेछ।

५.१.३.५ रोजगार सम्बद्ध विभिन्न योजना, कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिनेछ।

५.१.३.६ रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमूलक सेवा उपलब्ध गराईनेछ।

५.१.३.७ स्थानीय एवम् राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवम् जानकारी गाउँपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ।

५.१.३.८ स्थानीय तहमा उपलब्ध सीप, अनुभव र योग्यताको आधारमा रोजगारीका अवसर उपलब्ध नभएमा अन्तर तह वा निकायसंग समन्वय गरि उपलब्ध रोजगारीका अवसरहरुमा आवश्यक पहल गरि पदस्थापन गरिनेछ।

५.१.३.९ रोजगारी सिर्जनाका लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गरिनेछ।

५.१.३.१० न्यूनतम रोजगार प्रत्याभूत योजना तर्जुमा गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराईनेछ।

५.१.३.११ तिनै तहको सरकारको सहभागिता र साझेदारीमा रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५.१.३.१२ रोजगारी सिर्जनाका लागि रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही रुपमा संस्थागत क्षमता विकास गरिनेछ।

५.१.३.१३ गाउँपालिकाभित्र संचालन गरिने विभिन्न विषयको छोटो वा लामो अवधिको सीपमूलक तथा रोजगारमूलक तालिमहरुलाई एकद्वार प्रणालीबाट रोजगार सेवा केन्द्र मार्फत सञ्चालन गरिनेछ।

५.१.३.१४ दक्ष, सक्षम र क्षमतावान जनशक्तिको विकास एवम् आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ।

५.१.३.१५ रोजगारीको अवसरको खोजीमा रहेका व्यक्तिहरुलाई रोजगारीमा पदस्थापना, प्रोत्साहन तथा सहजीकरण गर्न रोजगार मेलाको सञ्चालन गरिनेछ ।

५.१.३.१६ महिलाहरुलाई श्रम बजारमा सहज प्रवेश वा पुनः प्रवेश गराउन आवश्यक सीप तथा क्षमता विकास गर्न, परामर्श तथा मार्गदर्शन उपलव्ध गराउन महिला तयारी क्लवको सञ्चालन गरिनेछ ।

५.१.३.१७ आन्तरिक एवम् वैदेशिक रोजगारी, स्वरोजगारी, श्रम बजार, रोजगारमूलक सेवा सम्बन्धी परामर्श एवम् रेफरल सेवा सुविधा प्रदान गरिनेछ ।

५.१.३.१८ विभिन्न मन्त्रालय एवम् मातहतका निकायहरुबाट सञ्चालन हुने श्रम तथा रोजगार, वैदेशिक रोजगार, सुरक्षित आप्रवासन, पुनः स्थापना र पुनः एकीकरण सम्बन्धी कार्यक्रमको सञ्चालनमा समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

५.१.३.१९ ८ कक्षा उत्तीर्ण गरेर विद्यालय छाडेका अतिविपन्न, गरिब, असहाय विद्याथीहरुलाई व्यवसायिक शिक्षामा सम्मिलित गराई श्रम बजार सुँहाउदो तालिमहरु प्रदान गरि स्वरोजगार बनाईनेछ ।

### ५.१.४ रणनीति ४.१.४ "श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्दै उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

५.१.४.१ दलित महिला, शहिद परिवार, एकल महिला, अपाङ्ग तथा बञ्चितीकरणमा परेका वर्गहरुलाई लक्षित गरि रोजगारयोग्य कार्यक्रम चलाईनेछ ।

५.१.४.२ रोजगारीको क्षेत्रमा देखा पर्ने लैंगिक, भौगोलिक, जातिगत वा अन्य सबै प्रकारको भेदभावलाई निराकरण गर्न श्रमको सम्मान, राष्ट्रको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

५.१.४.३ बालश्रम, बाध्यकारी श्रम लगायत सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरि निरुत्साहित गरिनेछ ।

५.१.४.४ स्थानीय स्तरमा श्रम विवाद समाधान गर्न एवम् असल श्रम सम्बन्ध विकास गर्न सरोकारवालाहरुसंग नियमित सम्वाद गर्न स्थानीय रोजगार सम्वाद मञ्चलाई सक्षम बनाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

५.१.४.५ बालश्रम अन्त्य गर्न बालश्रम गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग र सहकार्य गरिनेछ ।

५.१.४.६ रोजगारदाताले कुनै श्रमिकलाई काममा लगाए वापत सरकारले तोकेको ज्याला दर अनुसारको पारिश्रमिक उपलब्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कारवाहीको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

५.१.४.७ श्रमिक र श्रमको उचित सम्मान गर्ने संस्कृतिको विकासका लागि सचेतनामुलक अभियानमा जोड दिईनेछ ।

५.१.४.८ रोजगारीको क्षेत्रमा ब्याप्त लैंङ्गिक, जातीय विभेदलाई क्रमशः हटाउदै लैजान विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

## ५.१.५ रणनीति ४.१.५ "वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग, सहकार्य र सहजीकरण गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

५.१.५.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि सचेतना अभिवृद्धि गरिनेछ ।

५.१.५.२ वैदेशिक रोजगारमा जाने श्रमिकहरुका लागि आवश्यक पर्ने पूर्व प्रस्थान अभिमुखकरण तालिम (Pre-departure Orientation Training) सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

५.१.५.३ वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न आवश्यक सहजीकरण एवम् परामर्श सेवा प्रदान गरिनेछ ।

५.१.५.४ वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सञ्चलान गरि पुनः एकीकरण गरिनेछ ।

५.१.५.५ वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यकम सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकार र गैर सरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

५.१.५.६ वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ ।

५.१.५.७ वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजीकरण गरिनेछ ।

५.१.५.८ वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृति र पनुः श्रम स्वीकृतिमा सहिजीकरण गरिनेछ ।

५.१.५.९ सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत उपकेन्द्र स्थापना गरिनेछ ।

## ५.१.६ रणनीति ४.१.६ "स्थानीय अर्थतन्त्रलाई गतिशील एवम् सुदृढ बनाउन नविन सोंच, सीप र प्रविधिको उपयोग गरि उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने" संग सम्बन्धित कार्यनीतिहरु

५.१.६.१ श्रम प्रति सम्मान गर्ने संस्कृतिको विकास गर्दै युवा श्रमशक्तिहरुलाई सिर्जनशील, व्यवसायिक र उद्यमशील क्षमताको विकास गरी दक्ष जनशक्ति तयार गरिनेछ ।

५.१.६.२ उद्यमशिलता विकास तालिम सञ्चालन गरि स्वरोजगारी अभिवृद्धिमा जोड दिईनेछ ।

५.१.६.३ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारमा सहयोग पुग्ने गरी युवाहरुमा नवप्रवर्तनशील एवम् प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न विभिन्न किसिमको कार्यक्रमहरु सय्चालन गरिनेछ ।

५.१.६.४ वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ।

५.१.६.५ वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई गाउँपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५.१.६.६ उद्यमशिलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि नयाँ उद्यमी सिर्जना गरि स्वरोजगारमा वृद्धि गरिनेछ।

५.१.६.७ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक एवम् आर्थिक विप्रेषणलाई उद्यमशिलता प्रवर्द्धनमा परिचालन गरि सम्मुनत गाउँ निर्माणमा उपयोग गरिने व्यवस्था गरिनेछ।

५.१.६.८ स्थानीय तह, प्रदेश सरकार, सङ्घीय सरकार लगायत वित्तीय क्षेत्र, गैरसरकारी क्षेत्रको सहयोग र सहकार्यमा वित्तीय साक्षरता (Financial Literacy) र वित्तीय पहुँच (Access to Financing) मार्फत स्थानीय तहमा उद्यमशिलता प्रवर्द्धन गरिनेछ।

५.१.६.९ आन्तरिक रोजगारी सिर्जनाका लागि स्थानीय प्रविधिको उपयोग गरि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न प्रचारप्रसारको व्यवस्था गरिनेछ।

५.१.६.१०वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि गरिनेछ।

५.१.६.११स्वरोजगार हुन चाहने व्यक्तिहरुलाई विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

५.१.६.१२नयाँ नयाँ उद्यम व्यवसायको पहिचान र विकास गरी रोजगारी सिर्जना गरिनेछ।

५.१.६.१३स्वरोजगारका लागि उद्यमशीलता विकास तथा व्यवसायिक योजना निर्माणमा सहयोग र सहजीकरण गरिनेछ।

५.१.६.१४उद्यम व्यवसाय गर्न चाहने युवाहरूलाई उत्पादनशील व्यावसायिक योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट अनुदान वा सहुलियत पूर्ण ऋण सुविधा उपलब्ध गराईनेछ।

५.१.६.१५उपलब्ध श्रोत साधनको आधारमा उद्यमशिलताको विकास, प्रवर्द्धन र व्यवस्थित गर्न उद्यम विकास रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ।

५.१.६.१६उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि निःशुल्क व्यवसाय दर्ता गरिनेछ।

५.१.६.१७स्थानीय स्तरमा उद्यमशीलता विकास तथा स्वरोजगारमूलक सेवाको विस्तार गरिनेछ।

५.१.६.१८साना, लघु, घरेलु तथा स्थानीय रोजगार उन्मुख उद्योगहरुलाई वित्तीय, प्राविधिक, संस्थागत सहायताको माध्यमबाट सबलिकरण गरिनेछ।

५.१.६.१९स्थानीय आर्थिक विकासका क्षेत्रहरुको पहिचान र वर्गीकरण गरी सोही अनुसार स्थानीय आर्थिक गतिविधिमा संलग्न हुन प्रोत्साहन गरिनेछ।

५.१.६.२० नयाँ र आधुनिक प्रविधीको प्रयोग र बजारिकरणका सीप प्रदान गर्दै नविनतम् उद्योगका लागि आवश्यक जनशक्ति तयारीमा जोड दिईनेछ।

५.१.६.२१ औपचारिक शिक्षालाई व्यवसायिक र सीपमुलक गराउनका लागि बिद्यालयलाइ सीपशालको रुपमा विकास गरिनेछ।

५.१.६.२२ व्यवसायिक शिक्षा र व्यवसायिक तालिम कार्यक्रममा व्यवसाय प्रारम्भ र सुधार (Start and Improve Your Business) विषयक तालिमलाई जोड दिइनेछ।

### ५.१.७ रणनीति ४.१.७ "श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने" संग सम्बन्धित कार्यनीतिहरु

५.१.७.१ स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ।

५.१.७.२ बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक तथ्यांक संकलन गरिनेछ।

५.१.७.३ स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रको व्यवसायिक घरानाहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ।

५.१.७.४ रोजगारीका लागि छिमेकी मुलुक भारत जाने कामदारहरुलाई स्थानीय तहमा दर्ता हुने नीतिगत व्यवस्था गरि परिचयपत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ।

५.१.७.५ आप्रवासन प्रोफाईल र श्रम तथा रोजगार प्रोफाईल तयार र अद्यावधिक गरिदै लगिनेछ।

५.१.७.६ स्थानीय तहभित्रका रोजगारदाताहरुको अभिलेखीकरण गरि उपलब्ध हुने रोजगारीको संख्याको आधारमा रोजगारीमा प्रतिस्थापन गरिनेछ।

५.१.७.७ स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिदै लगिनेछ।

५.१.७.८ सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहभित्रका सबै घरधुरीहरुको सर्वेक्षण गरि गरिब घरपरिवारको पहिचान गर्दै परिचय पत्र वितरण गरिनेछ।

५.१.७.९ गाउँपालिकाभित्रका विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिहरुको तथ्यांक संकलन एवम् व्यवस्थापन गरिनेछ।

# खण्ड - ६ : स्रोत परिचालन र बजेट व्यवस्थापन

## ६.१ स्रोत परिचालन र बजेट व्यवस्थापन

यो रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाउँ कार्यपालिकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी,

राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवम् अन्य विकास साझेदारहरुको आर्थिक एवम् प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ।

## खण्ड - ७ : रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

### ७.१ रोजगार रणनीति कार्यान्वयन निर्देशक समिति

७.१.१ यस गाउँपालिकाभित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्बद्ध सेवा एवम् सरोकारवालाहरुको नाकसांकन गर्न, रोजगारीको हकको कार्यान्वयन लगायत रोजगारीका अन्य विषयमा आवश्यक नीति तथा रणनीतिहरुको तर्जुमा गर्ने काम स्थानीय निर्देशक समितिको रहनेछ। तर त्यस्तो नीति तथा रणनीतिसंग सम्बन्धित कार्यनीति एवम् कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न देहाय बमोजिमको रणनीति कार्यान्वयन निर्देशक समिति रहनेछ।

| | |
|---|---|
| १. अध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. संयोजकले तोकेको दुई जना कार्यपालिका सदस्य | सदस्य |
| ४. आर्थिक विकास शाखा प्रमुख | सदस्य |
| ५. सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| ६. पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| ७. योजना शाखा प्रमुख | सदस्य |
| ८. रोजगार संयोजक | सदस्य सचिव |

७.१.२ स्थानीय रोजगार रणनीति कार्यान्वयन निर्देशक समितिको सचिवालयको रुपमा रोजगार सेवा केन्द्रले कार्य गर्नेछ। समितिको बैठक चौमासिक रुपमा बस्नु पर्नेछ। बैठक बसेको सात दिनभित्र रणनीति कार्यान्वयनको अवस्था एवम् सुधार गर्नु पर्ने पक्षहरुको बारेमा स्थानीय निर्देशक समितिलाई जानकारी गराउनु पर्नेछ। समितिले बैठक सम्बन्धी अन्य कार्यविधि आफैले तय गर्न सक्नेछ।

७.१.३ रणनीति कार्यान्वयनमा देखिएका समस्याहरुको समाधान गर्न वा आवश्यक अन्य विषयमा स्थानीय रोजगार सम्वाद मञ्चको सल्लाह सुझाव लिन सकिनेछ।

७.१.४ रणनीतिको सफल कार्यान्वयनका लागि रोजगार सम्बद्ध सरोकारवालाहरुसंग छलफल एवम् अन्तरक्रिया गरि आवश्यकता अनुसार कार्ययोजना (मासिक, वार्षिक वा दीर्घकालीन) निर्माण गर्नेछ।

### ७.२ अनुगमन तथा मूल्यांकन

यस स्थानीय रोजगार रणनीतिक योजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्न उपाध्यक्षको संयोजकत्वमा एक जना कार्यपालिका सदस्य र एक जना कर्मचारी सम्मिलित तीन सदस्यीय अनुगमन तथा मुल्याङ्कन समिति

गठन गरिनेछ। अनुगमन समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ। गाउँ कार्यपालिकाले आवश्यकता अनुसारमा रणनीतिक योजनालाई अद्यावधिक वा पुनरावलोकन गर्न सकिनेछ।

रणनीति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको वृद्धि एवम् देखिएको प्रभाव सम्बन्धमा रणनीति कार्यान्वयन निर्देशक समितिले योजनाको कार्यान्वयन र प्रभावकारिता बारे तेश्रो पक्ष वा स्वतन्त्र परामर्शदाताहरुबाट रणनीतिको आवधिक मूल्यांकन वा प्रभाव मूल्यांकन गर्न सकनेछ। मूल्यांकनबाट प्राप्त सुझाव अनुसार रणनीतिक योजनामा आवश्यक सुधार गर्दै लगिनेछ। स्थानीय रोजगार रणनीतिक योजना कार्यान्वयन गर्न देहाय अनुसारको अनुगमन तथा मूल्यांकन समिति रहनेछ।

| | |
|---|---|
| १. उपाध्यक्ष | संयोजक |
| २. संयोजकले तोकेको एक जना कार्यपालिका सदस्य | सदस्य |
| ३. संयोजकले तोकेको एक जना अधिकृत स्तरका कर्मचारी | सदस्य सचिव |

# खण्ड - ८ : जोखिम व्यवस्थापन

## ८.१ जोखिम पहिचान तथा व्यवस्थापन

रोजगार रणनीतिक योजना कार्यान्वयन गर्ने क्रममा केहि जोखिमहरु पनि आउन सक्ने सम्भावना रहेको देखिन्छ। रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

### ८.१.१ सम्भावित जोखिमहरु

क. स्रोतको व्यवस्थापन

ख. विभिन्न निकायहरु बीच समन्वय र सहकार्य

ग. जनशक्तिको कमी

### ८.१.२ जोखिम व्यवस्थापनका लागि ध्यान दिनु पर्ने कुराहरु

१. रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि विकास साझेदारहरुसंग श्रोत व्यवस्थापनको लागि समन्वय र सहकार्य गर्ने,

२. रणनीतिक योजनामा समावेश भएका क्रियाकलापहरुलाई तहगत रुपमा वर्गीकरण गरि कुन वर्षमा के गर्ने भनि प्राथामिकीकरण गर्ने,

२. पालिकाभित्र रोजगारीको क्षेत्रमा काम गर्ने सम्पूर्ण निकाय एवम् संघसंस्थाहरु बीच साझा बुझाई कायम गर्ने,

३. रणनीतिक योजना कार्यान्वय समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने,

४. रोजगारीका कार्यक्रम सञ्चालनको लागि आवश्यकता अनुसार विभिन्न निकाय, संघसंस्थाहरुसँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने।

## अनुसूची-१
## स्थानीय रोजगार रणनीतिक योजना कार्यान्वयन कार्ययोजना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय/शाखा | सहयोगी निकाय/शाखा | समयावधि | कार्यसम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| रणनीति: ४.१.१ आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवम् रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने | | | | | | | |
| १.१ | रोजगारीका क्षेत्रहरुको पहिचान गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | रोजगारीका क्षेत्रहरुको पहिचान भएको हुने | आवश्यकतानुसार | क र ख |
| १.२ | रोजगार सम्बद्ध सरोकारवालाहरुको पहिचान गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | रोजगार सम्बद्ध सरोकारवालाहरुको पहिचान भएको हुने | आवश्यकतानुसार | क |
| १.३ | रोजगारीसंग सम्बन्धित सेवाहरुको नाक्सांकन गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | रोजगारीसंग सम्बन्धित सेवाहरुको नाक्सांकन भएको हुने | आवश्यकतानुसार | क |
| १.४ | सरकारी निकायहरुबाट रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गर्न समन्वय र सहकार्य गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | निरन्तर | रोजगारी सिर्जनामा वृद्धि भएको हुने | आवश्यकतानुसार | ख |
| १.५ | नियमित एवम् आवधिक रुपमा स्थानीय श्रम बजारको माग र आपूर्तिको सर्वेक्षण गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष देखि | स्थानीय श्रम बजारको माग र आपूर्तिको सर्वेक्षण भएको हुने | आवश्यकतानुसार | क र ग |
| १.६ | श्रमिक, सीपको माग र आपूर्तिको सूचना संकलन, प्रशोधन र प्रकाशन गर्ने, | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष देखि | सूचनाहरु संकलन, प्रशोधन र प्रकाशन भएको हुने | आवश्यकतानुसार | क र ग |
| १.७ | स्थानीय श्रम बजारमा उपलब्ध सीपयुक्त | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा | पहिलो वर्ष देखि | स्थानीय सीपयुक्त जनशक्तिहरुको अवस्था पहिचान भएको हुने | आवश्यकतानुसार | क र ग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जनशक्तिहरुको अवस्था पहिचान गर्ने | | मन्त्रालय | | | | |
| १.८ | श्रम तथा रोजगार, गरिबी न्यूनीकरण एवम् आयआर्जनसंग सम्बन्धित कार्यक्रमहरु रोजगार सेवा केन्द्रबाट सञ्चालन गर्न सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र | निरन्तर | श्रम तथा रोजगार, गरिबी न्यूनीकरण एवम् आयआर्जनसंग सम्बन्धित कार्यक्रमहरु रोजगार सेवा केन्द्रबाट सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| **रणनीतिः ४.१.२ श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने** | | | | | | | |
| २.१ | विद्यालय तहमा नौ कक्षा माथिका विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा सञ्चालन गर्ने | शिक्षा शाखा | सामाजिक विकास शाखा | दोश्रो वर्ष देखि | कम्प्युटर शिक्षा सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| २.२ | प्राविधिक शिक्षा सञ्चालन गर्ने | शिक्षा शाखा | सामाजिक विकास शाखा | पाँचौ वर्ष देखि | प्राविधिक शिक्षा सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| २.३ | विभिन्न कृषि उत्पादनहरु जस्तैः तरकारी खेती, फलफूल खेती, पशुपंक्षी पालन आदि, कृषि उपज संकलन, भण्डारण, ग्रेडिङ्ग, प्रशोधन, प्याकिङ्ग सम्बन्धी दक्ष जनशक्ति तयार गरिने | कृषि शाखा | आर्थिक विकास शाखा | पहिलो वर्ष देखि | कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि भएको हुने | आवश्यकतानुसार | क र ग |
| २.४ | अन्तराष्ट्रिय, राष्ट्रिय एवम् स्थानीय श्रम बजारको मागको आधारमा निर्माणसंग सम्बन्धित विभिन्न सीपूलक तालिमहरु (ईलेक्ट्रिसियन, प्लम्बर, पेन्टिङ्ग, स्काफोल्डर, मेसन आदि) सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | निर्माणसंग सम्बन्धित विभिन्न सीपूलक तालिमहरु सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ग |
| २.५ | पर्यटन क्षेत्रको पहिचान एवम् विकास गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | पर्यटन क्षेत्रको पहिचान भएको हुने | आवश्यकतानुसार | क |
| २.६ | पर्यटन क्षेत्रसंग सम्बन्धित सीप एवम् क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष देखि | पर्यटन क्षेत्रसंग सम्बन्धित सीप एवम् क्षमता विकास भएको हुने | आवश्यकतानुसार | क र ग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.७ | सेवा क्षेत्र (कपाल काट्ने, खुद्रा व्यवसाय सञ्चालन गर्ने, कुकको काम गर्ने) संग सम्बन्धित सीपमूलक तालिमहरु सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | सेवा क्षेत्रसंग सम्बन्धित सीपमूलक तालिमहरु सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ग |
| २.८ | सार्वजनिक निर्माणका कार्यहरुमा सम्भव भएसम्म श्रममूलक प्रविधिको प्रयोग गर्न अनुरोध गर्ने | रोजगार सेवा केन्द्र | भौतिक पूर्वाधार विकास शाखा | पहिलो वर्ष देखि | श्रममूलक प्रविधिको प्रयोग भएको हुने | आवश्यकतानुसार | ख |
| २.९ | दक्ष जनशक्ति निर्माण गर्न स्थानीय सीप विकास तालिम केन्द्र स्थापनाको कानून तर्जुमा गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष | स्थानीय सीप विकास तालिम केन्द्र स्थापनाको कानून तर्जुमा भएको हुने | आवश्यकतानुसार | क |
| २.१० | स्थानीय सीप विकास तालिम केन्द्र स्थापनाको कानून तर्जुमा गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र | तेश्रो वर्ष | स्थानीय सीप विकास तालिम केन्द्र स्थापना भएको हुने | आवश्यकतानुसार | क |
| २.११ | निजी क्षेत्रको माग बमोजिम श्रमिकको सीप र क्षमताको अभिवृद्धिका लागि समन्वय र सहकार्य गर्ने | रोजगार सेवा केन्द्र | आर्थिक विकास शाखा | निरन्तर | माग बमोजिम श्रमिकको सीप र क्षमता अभिवृद्धि भएको हुने | आवश्यकतानुसार | ख |
| २.१२ | स्थानीय श्रम बजारमा उपलब्ध रहेको रोजगारीको अवसर र उपलब्ध जनशक्तिको सीपको अन्तर परिपूर्तिको लागि सीपमूलक तालिम सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | गाउँपालिका | दोश्रो वर्ष | रोजगारीको अवसर र उपलब्ध जनशक्तिको सीपको अन्तर परिपूर्ति भएको हुने | आवश्यकतानुसार | क र ग |
| **रणनीतिः ४.१.३ रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने** | | | | | | | |
| ३.१ | रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमूलक सेवाहरु प्रवाह गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | एकीकृत श्रम तथा रोजगारमूलक सेवाहरु प्रवाह भएको हुने | आवश्यकतानुसार | क र ख |
| ३.२ | एकीकृत श्रम तथा रोजगारमूलक सेवा प्रवाह गर्न रोजगार सेवा केन्द्रको सुदृढीकरण गर्ने | गाउँपालिका | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | रोजगार सेवा केन्द्रको सुदृढीकरण भएको हुने | आवश्यकतानुसार | क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३ | बेरोजगार व्यक्ति तथा रोजगारी परिवर्तन गर्न चाहने व्यक्तिहरुका लागि रोजगार विनिमय सेवा सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | तेश्रो वर्ष | रोजगार विनिमय सेवा सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ३.४ | रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकास गर्ने | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | गाउँपालिका | निरन्तर | रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको क्षमता विकास भएको हुने | आवश्यकतानुसार | क |
| ३.५ | श्रमिकको सीप र क्षमता विकास गरि रोजगारीमा पदस्थापन गर्न समन्वय गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | श्रमिकहरुको सीप विकास भई रोजगारीमा पदस्थापन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ३.६ | नवीनतम् सीप विकास कार्यक्रमको पहिचान गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | दोश्रो वर्ष | नवीनतम् सीप विकास कार्यक्रमको पहिचान भएको हुने | आवश्यकतानुसार | क |
| ३.७ | सीप विकास तालिम केन्द्रहरुसंग समन्वय गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | पहिलो वर्ष देखि | सीप विकास तालिम केन्द्रहरुसंग सम्बन्ध विस्तार भएको हुने | आवश्यकतानुसार | ख |
| ३.८ | स्थानीय स्वरोजगार कोष स्थापनाको लागि कानून तर्जुमा गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र | तेश्रो वर्ष | स्थानीय स्वरोजगार कोष स्थापनाको लागि कानून तर्जुमा भएको हुने | आवश्यकतानुसार | क |
| ३.९ | स्थानीय स्वरोजगार कोष स्थापना गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र | चौथो वर्ष | स्थानीय स्वरोजगार कोष स्थापना भएको हुने | आवश्यकतानुसार | क |
| ३.१० | रोजगारयोग्य कार्यक्रमहरु जस्तैः CV राईटिङ्ग, व्यक्तित्व विकास तालिम आदि सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | निरन्तर | रोजगारयोग्य कार्यक्रमहरु सञ्चालन भएको हुने | आवश्यकतानुसार | क |
| ३.११ | रोजगार सम्बद्ध आवश्यक नीति, योजना तथा कानूनहरु तर्जुमा गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | निरन्तर | रोजगार सम्बद्ध आवश्यक नीति, योजना तथा कानूनहरु तर्जुमा भएको हुने | आवश्यकतानुसार | क र ख |
| ३.१२ | स्थानीय एवम् राष्ट्रिय रोजगारी अवसरहरुको सूचना सम्प्रेषण गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | दोश्रो वर्ष देखि | रोजगारीका अवसरहरुको सूचना सम्प्रेषण भएको हुने | आवश्यकतानुसार | क र ख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.१३ | विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुसंग समन्वय गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरुसंग समन्वय भएको हुने | आवश्यकतानुसार | ख |
| ३.१४ | न्यूनतम् रोजगार प्रत्याभूत योजना तर्जुमा गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | तेश्रो वर्ष | न्यूनतम् रोजगार प्रत्याभूत योजना तर्जुमा भएको हुने | आवश्यकतानुसार | क र ख |
| ३.१५ | प्रदेश र सङ्घीय सरकारसंग समन्वय र सहकार्य गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | प्रदेश र सङ्घीय सरकारसंग समन्वय र सहकार्य भएको हुने | आवश्यकतानुसार | ख |
| ३.१६ | रोजगार सेवा केन्द्रको जवाफदेही संस्थागत क्षमता विकास गर्ने | गाउँपालिका | सामाजिक विकास शाखा | पहिलो वर्ष देखि | जवाफदेही संस्थाको रुपमा रोजगार सेवा केन्द्रको क्षमता विकास भएको हुने | आवश्यकतानुसार | क |
| ३.१७ | गाउँपालिकामा सञ्चालन हुने सीपमूलक तथा रोजगारमूलक तालिमहरु रोजगार सेवा केन्द्रबाट सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | विभिन्न सीपमूलक तथा रोजगारमूलक तालिमहरु रोजगार सेवा केन्द्रबाट सञ्चालन भएको हुने | आवश्यकतानुसार | ख |
| ३.१८ | सूचीकृत बेरोजगार व्यक्तिहरुको लागि सीपमूलक तथा रोजगारमूलक तालिमहरु सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | सूचीकृत बेरोजगार व्यक्तिहरुको लागि सीपमूलक तथा रोजगारमूलक तालिमहरु सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ग |
| ३.१९ | आन्तरिक रोजगारी सिर्जना तथा उद्यमशिलता प्रवर्द्धनको लागि अन्तर तह तथा निकायगत समन्वय गर्ने | रोजगार सेवा केन्द्र | आर्थिक विकास शाखा | तेश्रो वर्ष | रोजगारी सिर्जना तथा उद्यमशिलता प्रवर्द्धनको लागि अन्तर तह तथा निकायगत समन्वय भएको हुने | आवश्यकतानुसार | ख |
| ३.२० | रोजगार सम्वाद मञ्चको बैठकलाई नियमित र प्रभावकारी बनाउने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | पहिलो वर्ष देखि | रोजगार सम्वाद मञ्चको बैठक नियमित एवम् प्रभावकारी भएको हुने | आवश्यकतानुसार | क र ख |
| ३.२१ | रोजगार मेला आयोजना गर्ने | रोजगार सेवा केन्द्र | विकास साझेदार संस्था | दोश्रो वर्ष | रोजगार मेला आयोजना भएको हुने | आवश्यकतानुसार | क र ख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.२२ | महिला तयारी क्लव सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | विकास साझेदार संस्था | दोश्रो वर्ष | महिला तयारी क्लव सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ३.२३ | रोजगारमूलक एवम् स्वरोजगारमूलक सेवा सम्बन्धी परामर्श एवम् रेफरल सेवा सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | विकास साझेदार संस्था | निरन्तर | परामर्श एवम् रेफरल सेवा सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| **रणनीतिः ४.१.४ श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने** | | | | | | | |
| ४.१ | बालश्रमको प्रयोग भए नभएको अवस्थाको अनुगमन गरि बालश्रमको प्रयोगलाई निरुत्साहित गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष | बालश्रमको प्रयोग भए नभएको अवस्थाको एकीन भई बालश्रम निरुत्साहित गर्न आधार तयार भएको हुने | आवश्यकतानुसार | क र ख |
| ४.२ | सबै प्रकारका श्रम विभेद र असमानताहरुको अन्त्य गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | श्रम विभेद र असमानताहरुको अन्त्य गर्ने कार्यक्रमहरु सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ४.३ | श्रमको सम्मान, राष्ट्रको अभियान सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | पहिलो वर्ष देखि | श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ग |
| ४.४ | बाध्यकारी श्रम (बाँधा श्रम) विरुद्ध जनचेतना अभिवृद्धि गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | बाध्यकारी श्रम विरुद्ध जनचेतना अभिवृद्धि भएको हुने | आवश्यकतानुसार | क र ख |
| ४.५ | बालश्रम मुक्त स्थानीय तह घोषणा गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | तेश्रो वर्ष | बालश्रम मुक्त स्थानीय तह घोषणा भएको हुने | आवश्यकतानुसार | क र ख |
| ४.६ | बालश्रम, बाध्यकारी श्रम लगायत अन्य सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४.७ | श्रम विवाद समाधान गर्न सरोकारवालाहरुसंग नियमित सम्वाद गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | तेश्रो वर्ष | सरोकारवालाहरुसंग नियमित सम्वाद भएको हुने | आवश्यकतानुसार | क र ख |
| ४.८ | असल श्रम सम्बन्धमा विकास गर्न स्थानीय रोजगार सम्वाद मञ्चलाई प्रभावकारी बनाउने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | श्रम सम्बन्धको विकास गर्न स्थानीय रोजगार सम्वाद मञ्च प्रभावकारी भएको हुने | आवश्यकतानुसार | क |
| ४.९ | बालश्रम गरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्न सहयोग गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | निरन्तर | बालश्रम गरुयोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग पुगेको हुने | आवश्यकतानुसार | ख |
| ४.१० | नयूनतम् ज्याला दर कार्यान्वयन भए नभएको अनुगमन गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | नयूनतम् ज्याला दर कार्यान्वयन सम्बन्धी अनुगमन भएको हुने | आवश्यकतानुसार | ख |
| **रणनीति: ४.१.५ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुन:एकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने** | | | | | | | |
| ५.१ | वैदेशिक रोजगारी सम्बद्ध सेवाहरु प्रवाह गर्ने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्ड | पहिलो वर्ष देखि | वैदेशिक रोजगारी सम्बन्धी सेवाहरु प्रवाह भएको हुने | आवश्यकतानुसार | क |
| ५.२ | वैदेशिक रोजगारमा जानेहरुलाई पूर्व प्रस्थान अभिमुखीकरण तालिम सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्ड | तेश्रो वर्ष | पूर्व प्रस्थान अभिमुखीकरण तालिम सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ५.३ | वैदेशिक रोजगारीका अवसर र चुनौती सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्ड | पहिलो वर्ष देखि | वैदेशिक रोजगारीका अवसर र चुनौती सम्बन्धी जनचेतना अभिवृद्धि भएको हुने | आवश्यकतानुसार | क र ग |
| ५.४ | वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा उपलब्ध गराउने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्ड | दोश्रो वर्ष देखि | वैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा उपलब्ध गराएको हुने | आवश्यकतानुसार | क र ख |
| ५.५ | वैदेशिक रोजगारलाई लक्षित गरि व्यवसायिक सीप विकास तालिम सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सीप विकास तालिम केन्द्र | दोश्रो वर्ष देखि | व्यवसायिक सीप विकास तालिम सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.६ | वैदेशिक रोजगारी सम्बन्धी सूचनामूलक श्रव्यदृश्य सामग्री उत्पादन गरी विद्युतीय मिडियाबाट प्रचार प्रसार गर्ने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्ड | तेश्रो वर्ष | वैदेशिक रोजगारी सम्बन्धी सूचनामूलक श्रव्यदृश्य सामग्री उत्पादन भई विद्युतीय मिडियाबाट प्रचार प्रसार भएको हुने | आवश्यकतानुसार | क |
| ५.७ | वैदेशिक रोजगार लक्षित कल्याणकारी सेवाहरु प्रदान गर्न सहजीकरण गर्ने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्ड | निरन्तर | कल्याणकारि सेवाहरु प्रदान भएको हुने | आवश्यकतानुसार | ख |
| ५.८ | मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्रदान गर्ने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार बोर्ड | निरन्तर | आर्थिक सहायता सम्बन्धी सेवाहरु प्रदान भएको हुने | आवश्यकतानुसार | ख |
| ५.९ | वैदेशिक रोजगारको लागि माग अनुसारको तालिम सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | विकास साझेदार | दोश्रो वर्ष देखि | वैदेशिक रोजगार लक्षित तालिम सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ५.१० | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति तथा निजको परिवारलाई लक्षित गरि उद्यमशीलतामा आधारित पुनःएकीकरण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय/विकास साझेदार संस्थाहरु | चौथो वर्ष | वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई लक्षित गरि उद्यमशीलतामा आधारित पुनःएकीकरण कार्यक्रम सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ५.११ | पुनःएकीकरण कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, सङ्घीय सरकार र विकास साझेदारहरुसंग समन्वय गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष देखि | पुनःएकीकरण कार्यक्रम सञ्चालन गर्न प्रदेश र सङ्घीय सरकार तथा विकास साझेदारहरुसंग समन्वय भएको हुने | आवश्यकतानुसार | ख |
| ५.१२ | वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श तथा रेफरल सेवा सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष देखि | मनोसामाजिक एवम् कानूनी परामर्श तथा रेफरल सेवा सञ्चालन भएको हुने | आवश्यकतानुसार | क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.१३ | वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरु सञ्चालनमा सहयोग र सहजीकरण गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | वैदेशिक रोजगार लक्षित कल्याणकारी सेवाहरु सञ्चालनमा सहयोग भएको हुने | आवश्यकतानुसार | क |
| ५.१४ | आप्रवासी स्रोत उपकेन्द्र सञ्चालन गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | चौथो वर्ष | आप्रवासी स्रोत उपकेन्द्र सञ्चालन भएको हुने | आवश्यकतानुसार | क र ग |
| ५.१५ | श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिमा सहजीकरण गर्ने | रोजगार सेवा केन्द्र | वैदेशिक रोजगार विभाग | निरन्तर | श्रम स्वीकृति र पुनः श्रम स्वीकृति प्रदान भएको हुने | आवश्यकतानुसार | ख |
| **रणनीतिः ४.१.६ नविन सोंच, ज्ञान, सीप, पुंजी र प्रविधिलाई उपयोग गरि स्थानीय अर्थतन्त्रलाई गतिशील एवम् सुदृढ बनाउन उद्यमशिलताको विकास र प्रवर्द्धन गर्दै स्वरोजगार बनाउने** | | | | | | | |
| ६.१ | उद्यमशिलता विकासका लागि वित्तीय साक्षरता तालिम सञ्चालन गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | उद्यमशिलता विकास तालिम सञ्चालन भएको हुने | आवश्यकतानुसार | क |
| ६.२ | वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न समन्वय गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष देखि | वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र प्रविधि प्रमाणीकरण भएको हुने | आवश्यकतानुसार | ख |
| ६.३ | वित्तीय साक्षरता तालिम सञ्चालन गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | वित्तीय साक्षरता तालिम सञ्चालन भएको हुने | आवश्यकतानुसार | क |
| ६.४ | वित्तीय पहुँच अभिवृद्धि हुने कार्यक्रमहरु सञ्चालन गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | वित्तीय पहुँच अभिवृद्धि हुने कार्यक्रमहरु सञ्चालन भएको हुने | आवश्यकतानुसार | क |
| ६.५ | स्थानीय प्रविधिको प्रयोग सम्बन्धी प्रचारप्रसार गर्ने | आर्थिक विकास शाखा | सूचना प्रविधि शाखा | दोश्रो वर्ष देखि | स्थानीय प्रविधिको प्रचारप्रसार भएको हुने | आवश्यकतानुसार | क |
| ६.६ | स्थानीय स्तरमा उत्पादित वस्तुहरुको खपत तथा उपयोग सम्बन्धी प्रचारप्रसार गर्ने | आर्थिक विकास शाखा | सूचना प्रविधि शाखा | दोश्रो वर्ष देखि | उत्पादित वस्तुहरुको खपत तथा उपयोग सम्बन्धी प्रचारप्रसार भएको हुने | आवश्यकतानुसार | क |
| ६.७ | सामुदायिक संस्थाहरुको पुंजीलाई उद्यमशिलता विकासमा परिचालन गर्न कानूनी आधार तयार गर्ने | सामाजिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | सामुदायिक संस्थाहरुको पुंजीलाई उद्यमशिलता विकासमा परिचालन गर्न कानून तर्जुमा भएको हुने | आवश्यकतानुसार | क र ख |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६.८ | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि गर्ने | रोजगार सेवा केन्द्र | सामाजिक विकास शाखा | निरन्तर | विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि भएको हुने | आवश्यकतानुसार | क |
| ६.९ | स्वरोजगार हुन बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ऋणको लागि सहजीकरण गर्ने | गाउँपालिका | रोजगार सेवा केन्द्र | पहिलो वर्ष देखि | बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ऋणको लागि सहजीकरण भएको हुने | आवश्यकतानुसार | ख |
| ६.१० | नयाँ नयाँ उद्यम व्यवसायको पहिचान, विकास र बजार सञ्जाल निर्माण गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | नयाँ नयाँ उद्यम व्यवसायको पहिचान भएको हुने | आवश्यकतानुसार | क र ख |
| ६.११ | उद्यम विकास रणनीतिक योजना तर्जुमा गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | उद्यम विकास रणनीतिक योजना तर्जुमा भएको हुने | आवश्यकतानुसार | क |
| ६.१२ | निशुल्क व्यवसाय विकास परामर्श उपलब्ध गराउने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | तेश्रो वर्ष | निशुल्क व्यवसाय विकास परामर्श उपलब्ध भएको हुने | आवश्यकतानुसार | क र ख |
| ६.१३ | सूचीकृत बेरोजगार व्यक्तिहरुको लागि निशुल्क व्यवसाय दर्ता गर्ने | गाउँपालिका | आर्थिक विकास शाखा | तेश्रो वर्ष | निशुल्क व्यवसाय दर्ता शुरु भएको हुने | आवश्यकतानुसार | ख |
| ६.१४ | व्यवसाय सम्वर्द्धन केन्द्र स्थापनाको लागि आवश्यक कानून तर्जुमा गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | तेश्रो वर्ष | व्यवसाय सम्वर्द्धन केन्द्र स्थापनाको लागि कानून तर्जुमा भएको हुने | आवश्यकतानुसार | क |
| ६.१५ | व्यवसाय सम्वर्द्धन केन्द्र स्थापना गर्ने | आर्थिक विकास शाखा | रोजगार सेवा केन्द्र | चौथो वर्ष | व्यवसाय सम्वर्द्धन केन्द्र स्थापना भएको हुने | आवश्यकतानुसार | क |
| ६.१६ | उद्यमशिलता विकासका व्यवसायिक योजना तयार गर्न सहयोग गर्ने | उद्यम विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष देखि | व्यवसायिक योजना तयार गर्न सहयोग भएको हुने | आवश्यकतानुसार | क |
| ६.१७ | उद्योग प्रतिष्ठानको लागि आवश्यक पर्ने श्रमिकको सीप र क्षमताको अध्ययन गर्ने | रोजगार सेवा केन्द्र | आर्थिक विकास शाखा | दोश्रो वर्ष देखि | श्रमिकको सीप र क्षमताको अध्ययन भएको हुने | आवश्यकतानुसार | क |
| **रणनीति: ४.१.७ श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने** | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७.१ | बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ७.२ | बेरोजगार व्यक्तिहरुको तथ्यांक अद्यावधिक गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | निरन्तर | बेरोजगार व्यक्तिहरुको तथ्यांक अद्यावधिक भएको हुने | आवश्यकतानुसार | क र ख |
| ७.३ | आवधिक रोजगारीका लागि भारतमा गएको व्यक्तिहरुको विवरण संकलन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष | रोजगारीका लागि भारतमा गएको व्यक्तिहरुको विवरण संकलन भएको हुने | आवश्यकतानुसार | क |
| ७.४ | आवधिक रोजगारीका लागि भारतमा हुने आप्रवासनलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गर्ने | सामाजिक विकास शाखा | रोजगार सेवा केन्द्र | दोश्रो वर्ष | भारतमा हुने आप्रवासनलाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा भएको हुने | आवश्यकतानुसार | क |
| ७.५ | आवधिक रोजगारीका लागि भारत जाने व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | तेश्रो वर्ष | रोजगारीका लागि भारत जाने व्यक्तिहरुलाई परिचय पत्र वितरण भएको हुने | आवश्यकतानुसार | क र ख |
| ७.६ | स्थानीय श्रम बजारमा उपलब्ध सीपयुक्त जनशक्तिहरुको अवस्था पहिचान गर्ने | रोजगार सेवा केन्द्र | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | पहिलो वर्ष देखि | सीपयुक्त जनशक्तिहरुको अवस्था पहिचान भएको हुने | आवश्यकतानुसार | क |
| ७.७ | बाल श्रमिकहरुको तथ्यांक संकलन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | बाल श्रमिकहरुको तथ्यांक संकलन भएको हुने | आवश्यकतानुसार | क |
| ७.८ | गाउँपालिकाभित्र रहेका प्रतिष्ठानहरुको विवरण संकलन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | स्थानीय सतरमा रहेका प्रतिष्ठानहरुको विवरण संकलन भएको हुने | आवश्यकतानुसार | क |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७.९ | निजी प्रतिष्ठानहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | निजी प्रतिष्ठानहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन भएको हुने | आवश्यकतानुसार | क र ख |
| ७.१० | यमुनामाई आप्रवासन प्रोफाईल तयार गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष | यमुनामाई आप्रवासन प्रोफाईल तयार भएको हुने | आवश्यकतानुसार | क |
| ७.११ | यमुनामाई श्रम तथा रोजगार प्रोफाईल तयार गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | तेश्रो वर्ष | यमुनामाई श्रम तथा रोजगार प्रोफाईल तयार भएको हुने | आवश्यकतानुसार | क |
| ७.१२ | स्थानीय रोजगारदाताहरुको अभिलेखीकरण गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | रोजगारदाताहरुको अभिलेखीकरण भएको हुने | आवश्यकतानुसार | क |
| ७.१३ | स्थानीय दक्ष जनशक्तिहरुको विवरण संकलन गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | पहिलो वर्ष देखि | दक्ष जनशक्तिहरुको विवरण संकलन भएको हुने | आवश्यकतानुसार | क |
| ७.१४ | स्थानीय जनशक्तिहरुको प्रोफाईल तयार गर्ने | रोजगार सेवा केन्द्र | सरोकारवाला | दोश्रो वर्ष | जनशक्तिहरुको प्रोफाईल तयार भएको हुने | आवश्यकतानुसार | क |

## अनुसूची-२

## स्थानीय रोजगार रणनीतिक योजना कार्यान्वयनको नतिजा खाँका

| क्र.सं. | नतिजा सूचक | एकाई | आधार तथ्यांक | लक्ष्य (आ.व. अनुसार) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ | आ.व. २०८५/८६ | आ.व. २०८६/८७ |
| १ | रोजगारीका क्षेत्रहरुको पहिचान | क्षेत्र | ० | | | | | |
| २ | रोजगारदाताहरुको पहिचान एवम् नाक्सांकन | संख्या | ० | | | | | |
| ३ | रोजगार सम्बद्ध सरोकारवालाहरुको पहिचान एवम् नाक्सांकन | संख्या | ० | | | | | |
| ४ | रोजगारदाताहरुको अभिलेखीकरण | संख्या | ० | | | | | |
| ५ | न्यूनतम रोजगारीको प्रत्याभूति | जना | ० | १०० | २०० | २५० | २५० | २५० |
| ६ | श्रम गन्तव्य स्थान/मुलुकको नाक्सांकन | स्थान | ० | | | | | |
| ७ | दक्ष जनशक्तिको निर्माण | जना | ० | ५० | १०० | १५० | २०० | २०० |
| ८ | आप्रवासन प्रोफाईलिङ्ग | संख्या | १ | | १ | | | |
| ९ | श्रम तथा रोजगार प्रोफाईल | संख्या | ० | | | | | |
| १० | श्रम बजारको अध्ययन | पटक | ० | | | | | |
| ११ | गरिब घरपरिवारको पहिचान तथा वर्गिकरण | घरधुरी | ० | | | | | |
| १२ | स्थानीय सीप विकास केन्द्रको स्थापना | संख्या | ० | | | | | |
| १३ | उद्यमशिलता विकास रणनीतिक योजना तर्जुमा | संख्या | ० | | | | | |
| १४ | स्थानीय स्वरोजगार कोषको स्थापना | संख्या | ० | | | | | |
| १५ | कम्प्युटर शिक्षाको शुरुवात | विद्यालय | ० | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | बाल श्रम मुक्त स्थानीय तह घोषणा | गाउँपालिका | ० | | | | | |
| १७ | आप्रवासी स्रोत उपकेन्द्रको स्थापना | संख्या | ० | | | | | |
| १८ | भारतमा हुने आप्रवास व्यवस्थापनका लागि कार्यविधि तर्जुमा | संख्या | ० | | | | | |
| १९ | अन्तिम प्रभाव मूल्यांकन | पटक | | | | | | |

## अनुसूची-३
## यमुनामाई गाउँपालिकामा उपलब्ध प्रकृति अनुसारका रोजगारदाता

१. खुद्रा तथा होलसेल व्यापार व्यवसाय
२. पर्यटन, होटेल तथा रेष्टुरेण्ट
३. विद्युत, ग्याँस, एयरकण्डिसन, फ्रिज आदि
४. बैंक, वित्तीय, सहकारी तथा इन्सुरेन्स सेवा
५. खानेपानी, ढल, फोहोरमैला व्यवस्थापन
६. निर्माण कम्पनी एवम् व्यवसायी
७. निजी विद्यालय, कलेज तथा शैक्षिक संघसंस्था एवम् प्रतिष्ठानहरु
८. सूचना प्रविधिसंग सम्बन्धित सेवा प्रदायक (केबल/नेट)
९. स्वास्थ्य तथा सामाजिक सेवा
१०.यातायात तथा भण्डारण
११.उद्योग क्षेत्र
१२.कृषि, वन तथा मत्स्यपालन उत्पादन
१३.सेवा तथा परामर्श
१४.स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था
१५.स्थानीय, प्रदेश र सङ्घीय सरकार

## अनुसूची-४

## यमुनामाई गाउँपालिकामा उपलब्ध रोजगारदाताको प्रकार

१. साना उद्योग एवम् प्रतिष्ठान
२. मझौला उद्योग एवम् प्रतिष्ठान
३. निजी क्षेत्र
४. सेवा क्षेत्र अन्तर्गतका व्यापार व्यवसाय
५. वित्तीय क्षेत्र
६. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था
७. सरकारी निकाय

## अनुसूची-५
## स्थानीय श्रम बजार उच्च माग भएका सीपयुक्त जनशक्तिहरुको विवरण

**Construction Sector**

1. Construction Worker
2. Tiles Marble Fitter
3. Electrician (Industrial/Domestic)
4. Plumber
5. Construction Worker
6. Scaffolder
7. Carpenter
8. Painter
9. Brick Masson
10. Steel Fixer

**Service Sector**

1. AC/Freeze Repairing
2. Motorcycle Repairing
3. Automobiles Repairing
4. Gas Stove & Cooker Repairing
5. Jent's Saloon
6. Beauty Parlor
7. Mobile Repairing
8. Retail Shop Worker
9. Delivery Boy
10. Catering Services
11. Decoration

**Tourism/Hospitality Sector**

1. Barista
2. Hospitality
3. Cook
4. Waiter/Waitress

5. Local Tour Guide
6. Travel Agency Skill
7. Bakery

**Education Sector**

1. Montessori
2. Computer Training

**Agriculture Sector**

1. Community Livestock Assistant
2. Poultry Farm Worker
3. Fruit Processor
4. Goat Keeping
5. Organic Fertilizers Maker (जैविक मल बनाउने तालिम)
6. Animal Husbandry Training (पशुपालन सम्बन्धी तालिम)
7. Dairy Products Maker Training (दुधजन्य परिकार बनाउने तालिम)
8. Animal Feed Maker Training (पशु आहार बनाउने तालिम)

**IT Sector**

1. Digital Marketing Skill
2. Graphic Designing
3. Video Editing/Animation
4. Computer Hardware & Networking

**Others**

1. Security Guard
2. Care Giver
3. Light/Heavy Driver
4. Packaging Training
5. Handicrafts
6. Receptionist/Call Center Agent
7. सामुदायिक स्वास्थ्य कार्यकर्ता तालिम

## अनुसूची-६

## अन्तराष्ट्रिय श्रम बजार उच्च माग भएका सीपयुक्त जनशक्तिहरुको विवरण

1. Construction Worker
2. Welding/Fabrication
3. Furniture Maker
4. Scaffolder
5. Steel Fixer
6. Machine Operator
7. Heavy Equipment Operator
8. Cleaner
9. House Keeping
10. Agri Farm Worker
11. Agricultural Workers
8. Security Guard

## अनुसूची-७
## रोजगारीसंग सम्बन्धित सरोकारवालाहरु

१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरवार, काठमाडौं
२. श्रम तथा यातायात मन्त्रालय, बागमती प्रदेश
३. श्रम कार्यालय, कवही गोठ
४. अन्तराष्ट्रिय श्रम संगठन (ILO)
५. अप्रवासीहरुका लागि अन्तराष्ट्रिय संगठन (IOM)
६. अप्रवासी स्रोत केन्द्र (MRC)
७. घरेलु तथा साना उद्योग कार्यालय, यमुनामाई
८. उद्योग वाणिज्य संग, यमुनामाई
९. जिल्ला प्रशासन कार्यालय, यमुनामाई
१०. तालिम प्रदायक संस्थाहरु
११. अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु (I/NGOs)
१२. सरकारी निकायहरु
१३. बैंक तथा वित्तीय संस्थाहरु
१४. उद्योग तथा कलकारखाना
१५. व्यवसाय विकास सेवा प्रदायक/परामर्शदाता
१६. मनोसामाजिक परामर्शकर्ता (OCMC)

## सन्दर्भ सामग्री


१. नेपालको संविधान, २०७२
२. रोजगारीको हक सम्बन्धी ऐन, २०७५
३. रोजगारी सम्बन्धी नियमावली, २०७५
४. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५
५. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९
६. वैदेशिक रोजगारवाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९
७. वैदेशिक रोजगार नीति, २०६८
८. राष्ट्रिय रोजगार नीति, २०७१
९. एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०
१०. पाँच वर्षे रणनीतिक योजना, २०७९-०८४, नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौं
११. एकीकृत राष्ट्रिय रोजगार प्रणालीको ढाँचा सम्बन्धी प्रतिवेदन, २०७९
१२. युवा रोजगारीको अवस्था सम्बन्धी प्रतिवेदन, २०७५
१३. श्रमको सम्मान, राष्ट्रको अभियान रणनीति, २०७८
१४. पन्ध्रौं आवधिक योजना (२०७५/७६-२०८०/८१), राष्ट्रिय योजना आयोग, नेपाल
१५. सोह्रौं आवधिक योजना (२०८१/८२-२०८५/८६), राष्ट्रिय योजना आयोग, नेपाल
१६. बागमती प्रदेशको दोस्रो आवधिक योजना (२०८१-२०८५), नीति तथा योजना आयोग, बागमती प्रदेश
१७. प्रदेश श्रम तथा रोजगार नीति, २०८०, बागमती प्रदेश
१८. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
१९. स्थानीय तहको रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन २०८०

प्राविधिक सहयोग

**सारथी अनुसन्धान तथा विकास प्रा.लि.**

गौर, रौतहट

मधेश प्रदेश, नेपाल